# बर्दघाट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## नवलपरासी (बसुप)
## लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्याः-२०८२/०८३
च.नं.

**बोलपत्र आव्हान सम्बन्धी ४ दिने सूचना**

**प्रथम पटक प्रकाशित मिति २०८३/०४/०१**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ५९, बर्दघाट नगरपालिकाको सार्वजनिक खरिद नियमावली २०७९ तथा बर्दघाट नगरपालिकाको आर्थिक ऐनमा तोकिए बमोजिम साप्ताहिक हाटबजारहरुको आ.व. ०८३/०८४ को श्रावण महिना देखि आषाढ मसान्त सम्म १२ महिनाको लागि ठेक्का बन्दोवस्त गर्न नगरपालिकाको निर्णय अनुसार स्वीकृत दररेट बमोजिम तपसिल अनुसारको आय ठेक्काको राजश्व उठाउने सम्बन्धमा इच्छुक कम्पनी वा फर्मको हकमा नविकरण भएको फर्म दर्ता प्रमाणपत्र वा इजाजत पत्र, आय कर दर्ता प्रमाणपत्र/ मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपी, आ.व.०८१/०८२ आय कर चुक्ताको प्रमाण पत्र वा म्याद थप प्रमाणपत्रको प्रतिलिपी संलग्न राखी कार्यालयले तयार गरेको फाराममा सिलवन्दी दरभाउपत्र भरी पेश गर्नु हुन सम्बन्धित सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरीएको छ ।

| आय ठेक्का नं | विवरण | ठेगाना | न्युनतम कवोल अँक भ्याट समेत | कैफियत |
|---|---|---|---|---|
| १६/०८३/०८४ | विहिवारे साप्ताहिक हाटबजार | बर्दघाट-१६ | ९०,०००.० | भ्याट सहित |

**ठेक्काका अन्य शर्तहरु:**

१. कार्यालयबाट प्रमाणित भएको वोलपत्र फाराम रु १००० राजश्व तिरी खरिद गर्ने तथा तोकिएको दस्तुर रु १००० रकम एन.आई.सी एसिया बर्दघाट शाखामा रहेको राजश्व खाता ०८३२०५००२८२११००२ खातामा जम्मा गरेको भौचर बोलपत्र साथ पेश गर्नु पर्नेछ । खरीद भएका बोलपत्रको पानामा सही छाप, व्यक्ति, संस्था तथा फर्मको नाम, ठेगाना र ठेक्काको नाम, कवोल अँक इत्यादी विवरण भरी मिति ०८३/०४/०४ गते कार्यालय समय सम्म पेश गर्न सकिने छ ।

२. पेश भएका टेण्डरहरु मिति ०८३/०४/०५ गते दिनको १:०० वजे ठेकेदार आफै वा ठेकेदारको प्रतिनिधीको रोहवरमा खोलीनेछ । सो सयमा ठेकेदार आफै वा ठेकेदारको प्रतिनिधिको उपस्थिति नभए पनि कार्यालयका प्रतिनिधीहरुको रोहवरमा टेण्डर खोल्न वाधा पर्नेछैन ।

३. टेण्डर फारम पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा क्रमशः सो को भोली पल्ट कार्यालय खुलेको दिन मान्य हुनेछ ।

४. बोलपत्रमा कवुल रकम अंक र अक्षरमा स्पष्टसंग लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिईनेछ ।

५. धरौटी वापत न्युनतम कवोल अंकको (vat समेतको) ५% ले हुने तोकिएबमोजिमको रकम एन.आई.सी एसिया बर्दघाट शाखामा रहेको .हि.नं. ८३४१४९८४८२५२४००४ खातामा जम्मा गरेको भौचर समेत वोलपत्रदाताको सहि छाप भएको वोलपत्र फाराम साथ पेश गर्नु पर्नेछ । कार्यालयको छाप नभएको र कार्यालयबाट प्रमाणित नभएको वोलपत्र फारामलाई मान्यता दिइने छैन ।

६. ठेक्का लिए वापत ठेकेदारले नेपाल सरकार र अन्य निकायलाई बुझाउनु पर्ने सम्पूर्ण कर आफैले बुझाउनु पर्नेछ । उक्त करहरु किस्ता संगै अग्रिम बुझाउनु पर्नेछ ठेक्का रकम बाट घटाउन पाइनेछैन ।

प्रमुख प्रशासकीय अधिकृत

बर्दघाट नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

नवलपरासी (बसुप)

लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या:-२०८२/०८३

च.नं.

७. टेण्डर स्वीकृत भएको सूचना पाएको मितिले सात दिन भित्र मूल्य अभिवृद्धि कर vat बापतको रकम वर्दघाट नगरपालिकाको नामबाट सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा बुझाउनु पर्नेछ वा सो वापतको रकम नगरपालिकामा पेश गर्नुपर्नेछ । स्वीकृत ठेक्काको हकमा सम्झौता गर्दाको बखतमा ५०% रकम (नगदै) प्रथम किस्ता र बाँकी रकमको हकमा फर्मले मान्यता प्राप्त क वर्गको बाणीज्य बैंकको तोकिएको अवधि सम्मको वैंक ग्यारेण्टी पेश गर्नु पर्नेछ । दोश्रो किस्ता रकम ०८४ जेष्ठ मसान्त सम्म भूक्तानी नगरेमा वैंक जमानतबाट असुल उपर गरिनेछ

८. कुनै कारण जनाई वा नजनाई ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बर्दघाट नगरपालिकामा सुरक्षित रहने छ । साथै रीत नपुगी वा म्याद नाघी आएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

९. ठेक्कामा कुनै विवाद भएमा बर्दघाट नगरपालिकाको निर्णय अन्तिम हुनेछ ।

१०. यस सूचनामा नपरेका कुराहरु प्रचलित ऐन, नियम र कानून अनुसार हुनेछ ।

११. प्रचलित ऐन, नियम, कानून, सम्झौता र सूचनाको शर्तहरु विपरित कार्य गरेमा जुन सुकै अवस्थामा पनि कार्यालयले ठेक्का तोड्न सक्ने छ र त्यसबाट कार्यालयलाई हुने हानी नोक्सानी ठेकेदारबाट सरकारी बाँकी सरह असूल उपर गरिनेछ ।

१२. नगरपालिकालाई बुझाउनु पर्ने बाँकी बक्यौता भएका व्यक्ति तथा फर्महरुको बोलपत्र स्वीकृत हुनेछैन

१३. बोलपत्र सम्बन्धि विस्तृत विवरणको लागि कार्यालयको वेव साइट https://bardaghatmun.gov.np/मा तथा कार्यालय समय भित्र कार्यालयको फोन नं. ०७८–५८०४०७ मा सम्पर्क गर्न सकिने छ ।

प्रमुख प्रशासकीय अधिकृत

बाबुराम पौडेल

प्रमुख प्रशासकीय अधिकृत